# हिंसा प्रभावितहरुको लागि सेवा केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी

# कार्यविधि, २०७६

सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश,
पोखरा, नेपाल ।

# हिंसा प्रभावितहरुको लागि सेवा केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७६

प्रस्तावनाः

हिंसा विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्न लैङ्गिक हिंसाजन्य घटनाहरुबाट सृजित असरको न्यूनीकरण गरी प्रभावितहरुलाई सामाजिक न्यायको प्रत्याभूति दिलाउन अल्पकालीन आश्रय सहितको सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्न आवश्यक देखिएकोले गण्डकी प्रदेश सरकार मन्त्रीपरिषद्बाट यो कार्यविधि स्वीकृत गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "हिंसा प्रभावितहरुको लागि सेवा केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएपछि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ सम्झनुपर्छ ।

(ख) "नियमावली" भन्नाले घरेलु हिंसा (कसुर र सजाय) नियमावली २०६७ सम्झनुपर्छ ।

(ग) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनुपर्छ ।

(घ) "सचिव" भन्नाले सामाजिक विकास मन्त्रालयको सचिव सम्झनुपर्छ ।

(ङ) "महाशाखा प्रमुख" भन्नाले सामाजिक विकास महाशाखा प्रमुख सम्झनुपर्छ।

(च) "स्थानीय तह" भन्नाले गण्डकी प्रदेश अन्तर्गतका गाउँपालिका तथा नगरपालिकालाई सम्झनुपर्छ

(छ) "घरेलु हिंसा" भन्नाले घरेलु हिंसा, कसुर र सजाय ऐन २०६६ अन्तर्गतको घरेलु सम्बन्ध भित्र हुने शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातनालाई सम्झनु पर्छ ।

(ज) "लैङ्गिक हिंसा" भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा कसैप्रति शारीरिक, यौनजन्य वा मानसिक क्षती वा पिडा पुऱ्याउने कार्य सम्झनु पर्छ ।

(झ) "मानव वेचविखन" भन्नाले मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा भएको व्यवस्था अनुसार कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने, कुनै पनि प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, वेश्यागमन गर्ने, प्रचलित कानुन बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने कार्यलाई सम्झनुपर्छ ।

(ञ) "मानव ओसारपसार" भन्नाले मावन वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा भएको व्यवस्था अनुसार किन्ने वा वेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाइफकाइ, प्रलोभनमा पारी, झुक्याइ जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितीको फाइदा लिई,

सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश
पोखरा नेपाल

बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी, कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राखे वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने कार्यलाई सम्झनुपर्छ ।

(ट) "पीडित" भन्नाले हिंसामा परेको, बेचिएको, ओसारपसार गरिएको वा वेश्यावृत्तिमा लगाइएको वा मानव वेचविखनको उच्च जोखिममा रहेका व्यक्ति सम्झनुपर्छ ।

(ठ) "अल्पकालिन सेवा केन्द्र" भन्नाले हिंसा तथा वेचविखनबाट पिडित र प्रभावितहरुका लागि तत्काल संरक्षण गरी परिवार/समुदायमा पुनर्स्थापना/पुनर्मिलन नहुन्जेल एकिकृत सेवा प्रदान गर्ने उद्देश्यले स्थानीय तहमार्फत सञ्चालन गर्ने गरी जिल्लास्तरमा स्थापना गरिएको सेवा केन्द्रलाई सम्झनुपर्छ ।

(ड) "प्रमुख" भन्नाले सेवा केन्द्र प्रमुख सम्झनुपर्छ ।

## परिच्छेद २

## अल्पकालिन सेवा केन्द्रको स्थापना र सञ्चालन तथा अख्तियारी प्रदान गर्ने आधार तथा प्रक्रिया

३. **सेवा केन्द्रको स्थापना तथा सञ्चालनः** (१) सेवा केन्द्र स्थापना तथा संचालन सम्बन्धित जिल्लाको सदरमुकामस्थित स्थानीय तह मार्फत हुनेछ ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित स्थानीय तहलाई सेवा केन्द्र स्थापना तथा सञ्चालनको लागि मन्त्रालयले अख्तियारी प्रदान गर्नेछ ।

४. **सेवा केन्द्रको कार्यक्षेत्रः** (१) सेवा केन्द्रको कार्यक्षेत्र सम्बन्धित जिल्लाभर रहनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा भ्ए एतापनि आवश्यकतानुसार अन्य जिल्लाबाट सेवा लिन आउने प्रभावित व्यक्तिहरुलाई समेत सेवा प्रवाह गर्न बाधा पुगेको मानिने छैन ।

५. **सेवा केन्द्रहरुको कार्य जिम्मेवारीः** (१ सेवा केन्द्रले देहायका कार्यहरु गर्नुपर्नेछ ।

(क) निर्धारित प्रक्रियाबाट सम्प्रेषित प्रभावित महिलाका लागि सुरक्षित अल्पकालीन आश्रय सहितको सेवा सञ्चालन गर्ने,

(ख) खण्ड (क) बमोजिम प्रभावित महिलालाई निजको अवस्थाअनुसार प्राप्त गर्नुपर्ने निम्नलिखित सेवाहरु प्रदान गर्नेः

(अ) लागेको चोटपटकको औषधोपचार,

(आ) मनोसामाजिक विमर्श,

(इ) न्यायमा पहुँच दिलाउन आवश्यक कानूनी परामर्श एवं सेवा,

सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

(ई) कानून कार्यान्वयन गर्ने निकायहरुसँग सम्पर्क सेवा र

(उ) समन्वय समितिले तोकेको अन्य सेवा,

(ग) सुरक्षित आश्रय आवश्यक नपर्ने तर खण्ड (ख) मा उल्लिखित सेवा आवश्यक परी निर्धारित प्रक्रियाबाट सम्प्रेषित प्रभावित महिलाका हकमा पनि उल्लेखित सेवा दिने,

(घ) सेवा केन्द्रमा सेवा लिन आउने प्रभावितहरुको व्यक्तिगत विवरण अनुसूचि १ बमोजिमको ढाँचामा अभिलेखीकरण गरी राख्नुपर्नेछ ।

(ङ) सेवा प्राप्त प्रभावित महिलालाई हकभोग, पारिवारिक पुनर्मिलन, वैकल्पिक पुनःस्थापना लगायतका व्यवस्थापनमा आवश्यक पहल गर्ने,

(च) प्रत्येक महिनाको प्रगति प्रतिवेदन अनुसूची २ बमोजिमको ढाँचामा तयार गरी सम्बन्धित स्थानीय तह मार्फत मन्त्रालयमा पठाउने,

(छ) आवश्यकतानुसार स्थानीय तह तथा मन्त्रालयमा समन्वय गर्ने,

(ज) सेवा केन्द्रमा सेवा लिन आउने प्रभावितहरुको विवरण अनुसूची ३ बमोजिमको ढाँचामा राख्ने ।

६. **निर्देशक समिति सम्बन्धी व्यवस्था** (१) सेवा केन्द्र सञ्चालनको नियमित सुपरिवेक्षण, नीतिगत सहयोग तथा समन्वयका लागि प्रदेशस्तरमा एक प्रदेश निर्देशक समिति रहनेछ । समितिमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन्।

| | |
|---|---|
| (क) मन्त्री, सामाजिक विकास मन्त्रालय | -संयोजक |
| (ख) सचिव, सामाजिक विकास मन्त्रालय | - सदस्य |
| (ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय | -सदस्य |
| (घ) सचिव,आन्तरिक मामिला तथा कानून मन्त्रालय | - सदस्य |
| (ङ) प्रमुख, प्रदेश प्रहरी कार्यालय | -सदस्य |
| (च) लैंगिक हिंसा निवारणमा काम गर्ने सामाजिक संस्थाहरु मध्येबाट समितिले मनोनित गरेका कम्तीमा १ जना महिला सहित २ जना | - सदस्य |
| (छ) महाशाखा प्रमुख, मन्त्रालयका सामाजिक विकास महाशाखा | - सदस्य सचिव |

(२) समितिको सचिवालयको काम मन्त्रालयको सामाजिक विकास महाशाखाले गर्नेछ।

(३) समितिको बैठक सम्बन्धी व्यवस्थाः (१) समितिको बैठक सम्बन्धी व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

७. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) प्रचलित ऐनमा भएका व्यवस्था तथा भावनाको प्रतिकुल नहुने गरी सेवा केन्द्र सञ्चालन सम्बन्धी निर्णय गरी व्यवस्थापन समितिलाई आवश्यक निर्देशन गर्ने।

गण्डकी प्रदेश
पोखरा, नेपाल

(ख) हिंसा निवारणका लागि आवश्यक नीति, योजना निर्माणमा समन्वयात्मक भूमिका निर्वाह गर्ने।

(ग) सेवा केन्द्रमा रहेका पीडित तथा प्रभावितहरुको व्यक्तिगत विवरण अद्यावधिक गर्न लगाउने ।

(घ) सेवा केन्द्र संचालनका लागि आवश्यक पर्ने सेवा र सुविधा नियमित रुपमा उपलब्ध गराउन पहल गर्ने ।

(ङ) सेवा केन्द्रको काम कारवाहीको अनुगमन निरन्तर रुपमा गर्ने।

(च) सेवा केन्द्रको सेवा सम्बन्धी अन्य काम गर्ने, गराउने।

८. **सेवा केन्द्र व्यवस्थापन समितिः** (१) सेवा केन्द्र संचालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| (क) उपप्रमुख/उपाध्यक्ष, सेवा केन्द्र संचालन गर्ने स्थानीय तह | संयोजक |
| (ख) प्रमुख, सेवा केन्द्र प्रमुख | सदस्य |
| (ग) प्रमुख, महिला तथा बालबालिका सेवा केन्द्र (जिल्ला प्रहरी कार्यालय) | सदस्य |
| (घ) प्रमुख, अस्पतालमा आधारीत एकद्वार संकट व्यवस्थापन केन्द्र | सदस्य |
| (ङ) प्रमुख, महिला तथा बालबालिका शाखा, सेवा केन्द्र संचालन गर्ने स्थानीय तह | सदस्य सचिव |

९. **सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** दफा ८ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) पीडित तथा प्रभावितहरुको अवस्था पहिचान गरी पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापनाको लागि व्यवस्था मिलाउने ।

(ख) केन्द्र सञ्चालनको लागि आवश्यक पर्ने जनशक्तिको नियुक्ति तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गर्ने ।

(ग) अति विपन्न पिडित तथा प्रभावितहरुको पहिचान गरि व्यवसाय स्थापनाका लागि वस्तुगत अनुदान उपलब्ध गराउन समन्वय मन्त्रालय समक्ष सिफारिस गर्ने ।

(घ) अन्य सरोकारवाला निकाय तथा सँघसँस्थाहरुसँग समन्वय गर्ने ।

(ङ) केन्द्र संचालन सम्बन्धी आय-व्यय चुस्त दुरुस्त राख्ने ।

(च) मन्त्रालय र निर्देशक समितिबाट प्राप्त भएको निर्देशन कार्यान्वयन गर्ने।

(छ) सेवा केन्द्रबाट भए गरेका कार्यहरुको मासिक प्रगति प्रतिवेदन तयार गरी स्थानीय तहमार्फत मन्त्रालयमा पठाउने ।

(ज) केन्द्र संचालन र व्यवस्थापन सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्ने ।

१०. **समितिको बैठक सम्बन्धी व्यवस्थाः** (१) समितिको बैठक सम्बन्धी व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

११. **अवधिः** प्रभावित महिलाको लागि देहायको अवधिसम्म मात्र सेवा केन्द्रमा आश्रय लिई राख्न सकिनेछ ।

(क) साधारण अवस्थामा ३० दिन सम्म

(ख) विशेष अवस्था परि व्यवस्थापन समितिले निर्णय गरेकोमा थप १५ दिन सम्म ।

गण्डकी प्रदेश
पोखरा, नेपाल

१२. **सेवा केन्द्रको न्यूनतम मापदण्डः** यस कार्यविधि बमोजिम स्थापना तथा सञ्चालन हुने सेवा केन्द्र अनुसूची ४ बमोजिमको न्यूनतम मापदण्ड पूरा गरेको हुनुपर्नेछ ।

१३. **खर्चका मानकः** सेवा केन्द्रबाट सेवा प्रदान गर्दा देहायको प्रयोजनमा देहाय वमोजिमको सीमा भित्र रहेर खर्च गर्नुपर्नेछ ।

(क) घरभाडाः केन्द्रका साथै सुरक्षित अल्पकालिन आश्रयका लागि लिइने घरको भाडा व्यवस्थापन समितिले घर हेरी स्वीकृत गरेको रकम

(ख) मालसामानः दच्छेना पर्दा फर्निचर विस्तारा भाडाँकुँडा टेलिभिजन खातापाता लगायतका स्थापनाका लागि आवश्यक खप्ने मालसामानहरुका लागि व्यवस्थापन समितिले औचित्यका आधारमा स्वीकृत गरेको रकम

(ग) औषधोपचारः समन्वय समितिले तोकेको अस्पतालमा उपचार गराउँदा (विरामी तथा कुरुवा समेतको जोडेर) निम्नानुसार सीमा ननाघ्ने गरि लागेको यथार्थ खर्च

(अ) सेवा केन्द्रमै बसी उपचार गराउँदा अस्पताल आतेजाते मितव्ययी सवारी साधनको भाडाको साथै परीक्षण तथा औषधी खर्च वापत जम्मा रु २०००। (दुई हजार) सम्म

(आ) अस्पतालमै भर्ना भई उपचार गराउँदा पुऱ्याउँदा र ल्याउँदा लागेको मितव्ययी सवारी साधनको भाडा परीक्षण तथा औषधी खर्चका अतिरिक्त पाँच दिन सम्म खाने खर्च वापत विरामी र एक जना कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन रु ३००। (तीन सय) गरी जम्मा रु ६५००। (छ हजार पाँच सय) सम्म

(इ) विशेष अवस्थामा व्यवस्थापन समितिले विशेष निर्णय गरेकोमा थप रु ४०००। (चार हजार) सम्म

(घ) कानूनी उपचारः एक जना साथी समेत अड्डा अदालत आतेजाते मितव्ययी सवारी साधनको भाडा, कानूनी दै- दस्तुर र सेवावापत प्रतिव्यक्ति रु ५०००। (पाँच हजार) सम्म ननाघ्ने गरी लागेको यथार्थ खर्च

(ङ) फुटकरः सेवा केन्द्रमा आश्रयमा रहेको दिनजति प्रभावित महिलालाई मात्र फुटकर खर्च वापत प्रतिव्यक्ति प्रतिदिन रु ५०। (पचास) सम्म

(च) फिर्ता सम्प्रेषणः फिर्ता सम्प्रेषण गर्दा साथीसमेतको मितव्ययी सवारी साधनको भाडा तथा एकै दिन पुगिनेमा खाजा खर्चवापत प्रतिव्यक्ति रु ५०। (पचास) र वास वस्नुपर्नेमा वस्ने खाने खर्च वापत प्रतिव्यक्ति दैनिक रु ३००। (तीन सय) सम्म

(छ) खानेकुराः सेवा केन्द्रमा रहेको अवधिभर प्रभावित महिला र साथी समेतको खानेकुरामा प्रतिव्यक्ति दैनिक रु ३०० (तीन सय) सम्म ।

(ज) लुगाफाटोः प्रभावित महिलाको कपडा च्यातिएर रगताम्मे भएर वा एकसरो मात्र भएर जाडोको कपडा नभएमा लुगाफाटो किन्न प्रतिव्यक्ति रु २०००। (दुई हजार) सम्म

(झ) मनोसामाजिक विमर्शः प्रभावित महिलालाई आवश्यक मनोसामाजिक विमर्श प्रदान गर्न प्रतिव्यक्ति रु १०००। (एक हजार) सम्म ।

गण्डकी प्रदेश
पोखरा, नेपाल

(ञ) जिविकोपार्जन अनुदानः पारिवारीक पुनर्मिलन हुन नसकेको अवस्थामा प्रभावित महिलाका लागि एकपटक जिविकोपार्जन अनुदान वापत रु १५००० ।(पन्ध्र हजार) सम्म ।

(ट) व्यवस्थापन खर्चः जनशक्ति, प्रतिवेदन समिक्षा र केन्द्रका गतिविधि समेतको खर्चका लागि पुष्ट्याईका आधारमा औचित्य समेत हेरी व्यवस्थापन समितिले स्वीकृत गरेको एकमुष्ट रकम

(ठ) वैठक खर्चः व्यवस्थापन समितिको वैठक संचालन खर्च नियमानुसार हुनेछ ।

१४. **अनुगमन सम्बन्धी व्यवस्थाः** मन्त्रालय र निर्देशक समितिले नियमित रुपमा केन्द्रको अनुगमन गर्नेछ।

१५. **बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउनेछ ।

१६. **संशोधन एवं हेरफेरः** मन्त्रालयले यस कार्यविधिमा संशोधन एवं हेरफेर गर्न आवश्यक ठानेमा संशोधन एवं हेरफेर गर्न सक्नेछ ।

अनुसूचि १

दफा ५ को १ (घ) सँग सम्बन्धित

सेवा केन्द्रबाट प्रदान गरिने सेवाहरुको अभिलेखिकरण

| नामथर | ठेगाना | उमेर/लिङ्ग | हिंसाको प्रकृति | | | | | | | | सिफारिस सम्प्रेषणको स्रोत | प्रदान गरिएको सहयोगको व्यहोरा | प्रेषण गरिएको स्थान | फलोअपको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वलात्कार | यौनजन्य दुर्व्यवहार | कुटपिट | जवरजस्ती विवाह | बाल विवाह | गर्भपतन | अन्य | पिडकको नाम, नाता र ठेगाना | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

गण्डकी प्रदेश
पोखरा, नेपाल

अनुसूची २

परिच्छेद २ को दफा ५ (च) सँग सम्बन्धित

हिंसा प्रभावितका लागि सेवा केन्द्रको प्रगति प्रतिवेदन विवरण

| सि.नं. | विवरण | संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | हालसम्म प्राप्त उजुरी | फछ्यौंट भएका | बाँकी | |
| १ | सेवा केन्द्रबाट सेवा प्राप्त गरेका प्रभावितहरुको संख्या | | | | |
| | (क)अदालतबाट सम्प्रेषण भई आएका | | | | |
| | (ख)प्रहरीबाट सम्प्रेषण भई आएका | | | | |
| | (ग)स्वास्थ्य केन्द्रबाट सम्प्रेषण भई आएका | | | | |
| | (घ)स्थानीय तहबाट सम्प्रेषण भई आएका | | | | |
| | (ङ)सेवा केन्द्रमा सोझै आएका | | | | |
| | (च)अन्य | | | | |
| | जम्मा | | | | |
| २ | हिंसाको प्रकार | | | | |
| | (क) शारीरिक | | | | |
| | (ख) मानसिक | | | | |
| | (ग) आर्थिक | | | | |
| | (घ) यौनजन्य | | | | |
| | (ङ) अन्य | | | | |
| | जम्मा | | | | |
| ३ | सेवा केन्द्रबाट उपलब्ध सेवाहरु | | | | |
| | (क) स्वास्थ्य उपचार | | | | |
| | (ग) मनोविमर्श सेवा | | | | |
| | (घ) मुद्दा दायर | | | | |
| | (ङ) परिवारमा पुनर्मिलन | | | | |
| | (च) समुदायमा पुनर्स्थापन | | | | |
| | (छ) बीउ पुँजी रकम प्रदान | | | | |
| | (ज) सीप विकास तालिम | | | | |
| | (झ) अन्य | | | | |
| | जम्मा | | | | |

सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

अनुसूची ३

परिच्छेद २ को दफा ५ (ज) सँग सम्बन्धित

सेवा केन्द्रमा सेवा लिन आएका प्रभावितहरुको विवरण

| सि.नं. | दर्ता मिति | नाम थर | ठेगाना | उमेर | हिंसाको प्रकार | हालको अवस्था | सहयोग गर्नुपर्ने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अनुसूची ४

परिच्छेद २ को दफा १२ सँग सम्बन्धित

सेवा केन्द्रको न्यूनतम मापदण्ड

१. परिसरः आवास गृह परिसर देहायबमोजिम हुनुपर्दछ ।

(क) चारैतिर झट्ट कोही प्रवेश गर्न नसक्ने गरी अग्लो पर्खाल वा तारबारले घेरिएको,

(ख) हाताभित्र गृहअनुसारको खुल्ला ठाउँ रहेको,

(ग) आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियो प्रवेशद्वार भएको र

(घ) सुरक्षाको दृष्टिकोणले उपयुक्त स्थान ।

२. आवास गृहः आवास गृह देहायका सुविधासम्पन्न हुनुपर्नेछ ।

(क) दुवै पट्टी झ्याल राखिएका हावा खेल्ने कोठाहरु,

(ख) प्रत्येकका लागि छुट्टाछुट्टै खाट,

(ग) प्रभावित बालबालिकाहरुका लागि अलग्गै कोठाहरु

(घ) भुँइमा उपयुक्त दच्छेना, झ्यालमा पर्दा र अन्य आवश्यक फर्निचर

(ङ) मनोसामाजिक विमर्शका लागि छुट्टै कक्ष

(च) मनोरञ्जन, अन्तरक्रियाका लागि साझा कक्ष

(छ) शौचालय तथा स्नान कक्ष

(ज) साझा टेलिफोन र टेलिभिजन

(झ) ठाउँ हेरी पंखा हिटर

(ञ) स्रोत हेरी पर्याप्त पानी

(ट) नुहाईधुवाई, सरसफाइका लागि सामग्री, भाँडाकुँडा, कुचो, डस्टविन आदि ।

(ठ) सुरक्षाका लागि आवश्यकतानुसार पालो पहरा ।

३. लुगाफाटोः सेवा केन्द्रमा आश्रय लिएका प्रभावितहरुको लागि देहायमा उल्लेखित लुगाफाटोको व्यवस्था हुनुपर्दछ ।

(क) ओढ्ने ओछ्याउने विस्तारा १ सेट

(ख) आवश्यकतानुसार लगाउने लुगा र जुत्ता चप्पल

४. खानेकुराः दैनिक खानेकुराको व्यवस्था व्यवस्थापन समितिले तोकेबमोजिम केन्द्रभित्र वा बाहिरको भोजनालयबाट व्यवस्था गर्ने गरी देहायबमोजिम हुनुपर्नेछ ।

(क) विहान चिया, विहानबेलुका खाना तथा दिउसो खाजा,

(ख) मांशाहारीको लागि हप्तामा दुईपटक माछामासु तथा शाकाहारीको हकमा सोको मूल्य बराबरको दुध दही तथा फलफूल

(ग) शुद्ध पिउने पानी

५. स्वास्थ्य उपचारः व्यवस्थापन समितिले तोकेको अस्पतालमा सेवा केन्द्रमा आश्रय लिएका प्रभावित महिलाको स्वास्थ्योपचार गराउनुपर्दछ । स्वास्थ्योपचारतर्फ निम्न व्यवस्था सुनिश्चित गर्नुपर्दछ ।

(क) प्राथमिक उपचार सामाग्री

(ख) समस्या हेरी नियमित उपचार

(ग) आकस्मिक उपचार

(घ) बालबालिकाका हकमा उमेरअनुसार लगाउनुपर्ने खोप

६. मनोसामाजिक विमर्शः व्यवस्थापन समन्वय समितिले निर्धारण गरेको योग्यता हासिल गरेका विमर्शकबाट देहायबमोजिम मनोसामाजिक विमर्श सेवा प्रदान गर्नुपर्दछ ।

(क) संरक्षित व्यक्ति प्रत्येकलाई हप्तामा एकपटक नियमित सेवा

(ख) संरक्षित व्यक्तिको मनोदशा हेरी थप आवश्यक सेवा र

(ग) सेवाग्राहीको व्यक्तिगत विवरणको गोपनियता कायम राख्ने व्यवस्था

७. कानूनी सेवाः देहायमा उल्लेखित कानूनी सेवा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

(क) प्रभावित महिलाले न्याय प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा

(ख) प्रभावित महिलाले प्रचलित कानूनबमोजिमको हक प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा

८. सञ्चालनः केन्द्रका सेवाहरुको सञ्चालनमा देहायका व्यवस्था पालना गर्नुपर्दछ।

(क) प्रभावित महिलालाई ममतामय, सहानुभूतिपूर्ण एवं सम्मानजनक व्यवहारको सुनिश्चितताका लागि लिखित आचारसंहिता,

(ख) प्रभावित महिलाको पहिचानको गोप्यनियता कायम राख्ने व्यवस्थाका साथै इच्छाविपरीतको कुनै पनि कार्यमा प्रतिबन्ध,

(ग) आवास गृहमा भेटघाट कक्षभन्दा बाहिर बस्ने अनुमती प्राप्त चिकित्सक, सफाइकर्मी लगायतका अत्यावश्यक व्यक्ति बाहेक बाहिरका कसैलाई पनि प्रवेश मनाही र

(घ) व्यवस्थापन समितिले तोके बमोजिम खोल्नेगरी आवासगृहमा उजुरी पेटिकाको व्यवस्था ।

९. जनशक्तिः केन्द्रमा महिलालाई प्राथमिकता दिई देहायबमोजिमको प्रशिक्षित जनशक्ति हुनुपर्दछ ।

(क) केन्द्र प्रमुख १ जना चौकीदार १ जना र सहयोगी कर्मचारी १ जना

(ख) मनोसामाजिक विमर्शक र कानूनी सल्लाहकार भनेका वेला उपलब्ध हुने गरी सम्पर्कमा ।

१०. अभिलेखः केन्द्रले देहाय बमोजिम अभिलेख राख्नुपर्नेछ ।

(क) प्रभावित महिलाको नाम दर्ता किताप

(ख) संरक्षक व्यक्तिको दैनिक हाजिरी किताप

(ग) प्रभावित महिलाको व्यक्तिगत गोप्य फाइल

(घ) दोहोरो लेखा प्रणालीमा केन्द्रको आम्दानी खर्चको पारदर्शी लेखा तथा सोको पुष्टि गर्ने कागजात

(ङ) व्यवस्थापन समितिको निर्णय किताप

(च) स्वास्थ्योपचार मनोसामाजिक विमर्श कानूनी सेवाको विवरण खुल्ने सेवापिच्छे लगत र समन्वय समितिले तोकेको अन्य अभिलेख

सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल